प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुकामः बुटवल, नेपाल

मुख्यमन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री निजी सचिवालय
मुकाम: बुटवल, नेपाल

# प्रेस विज्ञप्ती

२०७८ साल कात्तिक १ गतेदेखि परेको अविरल बर्षाका कारण बर्दियाको राजापुर न. पा. र गेरुवा गाउँपालिका लगायत लुम्बनी प्रदेशभरी वाढी, पहिरोले जनधनको क्षति भएको छ। निरन्तर ३ दिनसम्मको वर्षाले प्यूठन जिल्ला माण्डवी गा.पा. ४ निवासी २८ वर्षिय देविसरा कार्कीको खोलाले बगाएर दुःखद निधन भएको छ। उहाँ लगायत सबै मृतकप्रति भावपूर्ष श्रद्धाञ्जली व्यक्त गर्दै शोकसनतप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। लुम्बिनी प्रदेशमा किसानहरुको ५ अर्व मूल्य बरावरको वाली क्षति तथा नस्ट हुनुले हामीलाई निकै दुःखित एवं संवेदनशील बनाएको छ। प्राकृतिक विपत्तिबाट प्रदेशका नागरिकको जीवन कष्ठकर बनेको र अन्नवालीमा पुऱ्याएको क्षतिले प्रदेश सरकारलाई निकै दुःखिबनाएको छ।

निरन्तर वर्षाका करणले कर्णाली नदिबाट आएको वाढीले बर्दिया जिल्लाको राजापुर न.पा.को १०२७ घर परिवार र गेरुवा गा.पा. को २१० घर परिवार गरी जम्मा १ हजार २३७ घर परिवार प्रभावित भएका छन्। ती प्रभावित एवं पीडित परिवार र नागरिकलाई सुरक्षित स्थानमा राखिएको छ। साथै राप्ती, कालीगण्डकी, नारायपी लगायतका नदिले पनि यस प्रदेशका नागरिकलाई प्रभावित बनाएकोप्रति प्रदेश सरकारले सबैको समन्वयमा सम्बेदनशीलताका साथ उद्धार तथा राहत प्रदानको व्यवस्था गरेको छ।

लुम्बिनी प्रदेशमा वर्दिया लगायत अन्य जिल्लामा ३६ हजार ४८० हेक्टरमा काटिसकेपछि खेतमा राखिएको धान र ९३ हजार ५७६ हेक्टरमा रहेको खडा रहेको धानबालीसहित १ लाख ६१ हजार २२३ मेट्रिक टन धान नोक्सान हुदाँ करिव ४ अर्व ५१ करोड ४२ लाख रुपैयाँको वाली नस्ट भएको छ। यस्तै पहाडी जिल्लामा मकै वाली पनि नस्त भएको छ।

प्रदेशवासीलाई परेको पीडामा प्रदेश सरकारको समन्वयमा संघीय र स्थानीयतहको सहभागीतामा राहत प्रदान गर्ने घोषणा गर्दछु। प्राकृतिक महाविपत्तिले सृजित समस्याको सामनाका लागि आन्तरिक मामिला तथा सञ्चार मन्त्री माननीय तिलकराम शर्मा ज्यूलाई प्रभावित क्षेत्र बर्दिया र बाँकेमा राहत र उद्धार सामग्रीसहित पठाई सकिएको छ। प्रदेश सरकारले यस्ता महाविप्तिमा नागरिकको सुरक्षालाई पहिलो प्राथमिकता बनाउँदै छिटो छरिटो रुपमा उद्धार कार्य गरेको छ।

अबिरल वर्षाका कारणले भएको आकस्मिक घटनालाई छिटो, छरिटो तरिकाले उद्धार गर्ने, सुरक्षा निकाय, स्थानीयतहका सरकार, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी लगायत सबै सरोकारवाला निकायलाई धन्यवाद व्यक्त गर्दछु। प्रदेश सरकारतर्फबाट यो दुखद घटनामा परि जीवन गुमाएका मृतकका परिवार र अन्नवालीमा भएको क्षतिको विषयमा सम्बन्धित निकायसँग परामर्श गरी राहत प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दै आगामी दिनमा हुने प्राकृतिक विपत्तिहरुलाई पनि सामूहिक रुपमा सहकार्य गरी सामाना गर्नका लागि अपिल गर्दछु।

अन्तमा प्रदेशका किसानहरुको धानवाली उठाउनका लागि सहयोग गरि दिन सम्पूर्ष जनप्रतिनिधी, राजनीतिक दल, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका भातृ एवं सुवेच्छुक संगठन, सामाजिक संघसँस्था, नागरिक समाज, रेडक्रस सोसाइटी, मावनअधिकारकर्मी, सञ्चारकर्मी, विद्यार्थी लगायत सबै जनसमुदायमा सार्वजनिक अपिल गर्दै यस घटनामा प्रदेश सरकारको तर्फबाट राहत प्याकेज घोषणासहित किसानहरुलाई परेको पीडामा प्रदेश सरकार हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

माननीय कुलप्रसाद केसी 'सोनाम'
मुख्यमन्त्री
लुम्बिनी प्रदेश सरकार

मितिः २०७८ कात्तिक ४ गते